# नेपाल इन्जिनियरिङ्ग परिषद्

(नेपाल इन्जिनियरिङ्ग परिषद् ऐन,२०५५ द्वारा स्थापित)

# Nepal Engineering Council

( Estd.under NEC Act 2055)

सहरी विकास मन्त्रालय
दर्ता नं.:- २०९
दर्ता मितिः- २०८१/४/२२

पत्र संख्या : ११४(क)/०८१/८२ च.नं. ६८

मिति :- २०८१/०४/२२

श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
श्री सहरी विकास मन्त्रालय
श्री संचार तथा सूचना प्रविधि मन्त्रालय
श्री उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
श्री खानेपानी मन्त्रालय
श्री रक्षा मन्त्रालय
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
श्री उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय
श्री लोक सेवा आयोग
श्री राष्ट्रिय योजना आयोग

**विषय :- नेपाली तथा गैर नेपाली इन्जिनियरहरुको नाम दर्ता तथा आचारसंहिता सम्बन्धमा ।**

१. प्रस्तुत विषयमा नेपाल इन्जिनियरिङ्ग परिषद् ऐन, २०५५ (पहिलो संसोधन, २०७९) सहितको दफा ११ (१) बमोजिम नेपाल इन्जिनियरिङ्ग परिषद्मा नाम दर्ता नगराई कुनै पनि व्यक्तिले इन्जिनियरिङ्ग व्यवसाय गर्न नपाउने तथा ऐ. को नियमावली, २०५७ (तेश्रो संसोधन, २०८० सहित) को दफा ३ मा इन्जिनियरिङ्ग सेवा/व्यवसाय गर्न परिषद्मा नाम दर्ता गर्न इन्जिनियरहरुको वर्गीकरण गरी नाम दर्ता गरिने व्यवस्था रहेको छ ।

२. ऐ.ऐनको दफा ११ र ऐ.नियमावलीको नियम १० बमोजिम नेपाल राज्यको कुनै संस्थामा काम गर्न चाहने गैर नेपाली इन्जिनियरले सो संस्थाको सिफारिसको आधारमा नेपाल इन्जिनियरिङ्ग परिषद्मा नाम दर्ता गराउनुपर्ने र नाम दर्ता गरे पश्चात् मात्र इन्जिनियरिङ्ग व्यवसाय गर्न पाउने व्यवस्था रहेको छ ।

प्रशासन महाशाखा
दर्ता नं.:- १०८
दर्ता मितिः- २०८१/४/२२

श्री स.स. प्रशासन महाशाखा
श्री स.स. अनुगमन, आधार तथा योजना महाशाखा
श्री स.स. शहरी विकास महाशाखा
श्री स.स. स्थानीय पूर्वाधार
श्री कानून तथा फैसला कार्यान्वयन शाखा


मिनभवन, काठमाडौं, नेपाल । फोन: ०१-४५२०५५, ४५२०५८
ई-मेल: necgov@ntc.net.np , info@nec.gov.np वेभसाइट: www.nec.gov.np

# नेपाल इन्जिनियरिङ्ग परिषद्

(नेपाल इन्जिनियरिङ्ग परिषद् ऐन,२०५५ द्वारा स्थापित)

# Nepal Engineering Council

( Estd.under NEC Act 2055)

पत्र संख्या :

३. ऐ. नियमावलीको नियम १८ को उप नियम (१) खण्ड (छ) अनुसार इन्जिनियरिङ्ग सेवा/व्यवसायमा संलग्न दर्तावाला इन्जिनियरहरुले आफूले गर्ने इन्जिनियरिङ्ग व्यावसायिक कारोबारसँग सम्बन्धित लिखत, नक्सा, डिजाइन, स्पेसिफिकेशन, इष्टिमेट आदि चिठी पत्र कागजात तथा विवरणहरुमा आफ्नो हस्ताक्षर गर्दा आफ्नो नाम, पद, परिषद् दर्ता नम्बर र विषय स्पष्ट रुपमा बुझिने गरी उल्लेख गर्नुपर्नेछ ।

४. ऐ. ऐनको दफा ३० मा इन्जिनियरिङ्ग परिषद्मा नाम दर्ता नगराई इन्जिनियरिङ्ग व्यवसाय गरेको पाइएमा त्यस्ता व्यक्तिलाई कसुरदार ठहऱ्याई जरिवाना वा कैद वा दुवै सजाय हुन सक्ने व्यवस्था गरेको छ ।

५. अत: इन्जिनियरिङ्ग सेवा/ व्यवसाय गर्नको लागि पदपूर्ति तथा इन्जिनियरिङ्ग व्यवसायीको सेवा तथा परामर्श लिँदा नेपाल इन्जिनियरिङ्ग परिषद्को दर्ता प्रमाणपत्रलाई अनिवार्य कागजातका रुपमा माग गर्ने व्यवस्था मिलाई मन्त्रालय, आयोग तथा मातहतमा रहेका विभाग, कार्यालय, आयोजना, परियोजना, निकायहरुलाई जानकारी सहित इन्जिनियरिङ्ग व्यवसायलाई स्वच्छ, मर्यादित तथा व्यवस्थित बनाउने कार्यमा सहयोग गराईदिनुहुन अनुरोध गर्दछु ।

इ.शिव मंगल गिरी
रजिष्ट्रार
(ने.इ.प. नं.२९७० सिभिल "क")

*पुनश्च: आफ्नो मातहतमा रहेका सम्बन्धित कार्यालय, संघ संस्था आदि समेतलाई यही सूचना मार्फत जानकारी गराउनु हुन अनुरोध गरिन्छ ।*

मिनभवन, काठमाडौं, नेपाल । फोन: ०१-४५२०६५५, ४५२०६५६

ई-मेल: necgov@ntc.net.np , info@nec.gov.np वेभसाइट: www.nec.gov.np